का ५।२१

# श्री भाक्रिढुङ्गा सामुदायिक वन उपभेक्ता समुह

## तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ दाङ

## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**तेस्रो पटका प्रकाशित मिति - २०८१/०५/१५ (गोरक्ष राष्ट्रिय दैनिक)**

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय दाङ घोराही बाट संकलन सहमती लिई संकलन गरेको खयर काठ तुलसीपुर उ.म.न.पा.वडा नं. १३ रनियापुर भन्ने स्थानको घाटगद्दीमा रहेका निम्न परिमाणको खयर जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ। काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्वर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ सौ दिन दाखिला गर्न आह्वान गरिन्छ।

**लिलाम हुने वन पैदावारको बिबरण**

| सि. नं. | जात | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति घन फिट | काठ कटान मुछान खर्च प्रति घ.फि. रु १२० |
|---|---|---|---|---|---|---|
| १ | खयर | – | १६३ | १०४.८४ | १०००।-(स्यापउड सहित) | |
| | **जम्मा** | | १६३ | १०४.८४ | | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१/०५/२९ गते कार्यालय समय भित्र। (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१/०५/३० गते कार्यालय समय भित्र। (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) भाक्रिढुङगा सा.व.उ.स.को कार्यालय। (ख) डिभिजन बन कार्यालय घोराही दाङ।**

४. बोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय तुलसीपुरमा रहेको खाता नं. ४१६०१००२००१२३००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

५. प्रति बोलपत्र वापत रु.१०००।- (पछि फिर्ता नहुने) लाग्ने छ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरे छि मात्र पाईने छ।

६. लिलाम हुने वन पैदावार तुलसीपुर उ.म.न.पा.वडा नं. १३ रनियापुरको घाटगद्दीमा स्थलगत रुपमा हेर्न सकिने छ।

७. रितपूर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८१/०५/३१ गते बिहान १० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित भए पनि नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ

८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ।

९. सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ।

११ लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला।

१३. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ।

# श्री झाक्रिढुङ्गा सामुदायिक वन उपभेक्ता समुह
## तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ दाङ

पत्र सख्या - २०८१ ०८२ मिति- २०८१/०५/१६
च. न. - ३

विषय - सुचना टाँस गरी सो को जानाकारी दिने बारे ।

श्री वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेश सरकार राप्ती उपत्यका (देउखुरी) नेपाल ।
श्री जिल्ला प्रशासन कार्यालय दाङ ।
श्री जिल्ला समन्वय समितिको कायालय दाङ ।
श्री को. ले. नि. का. दाङ ।
श्री डिभिजन वन कार्यालय दाङ ।
श्री मालपोत कार्यालय तुलसीपुर दाङ ।
श्री तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ को वडा कार्यालय ।
श्री विजौरी सव डिभिजन वन कार्यालय दाङ

उपरोक्त सम्बन्धमा यस समुहको स्वीकृत बन कार्ययोजना बमोजिम छपान भई डिभिजन वन कार्यालय दाङको संकलन सहमति अनुसार संकलन भएको खयर काठ समुह वाहिर लिलाम बिकि सम्बन्धी तेस्रो पटक प्रकाशित सुचना थान १ यसै पत्र साथ पठाईएको छ । तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी सो को जानाकारी दिन हुन सादर अनुरोध छ ।

कमारा खत्री
अध्यक्ष